# मायादेवी गाउँपालिका

# ५ वर्षे रोजगार रणनीति योजना

(आ.ब. २०८[illegible] २०८४/०८५ सम्म)

प्रमाणीकरण मिति: २०८१/०३/२३

प्रारम्भिक मस्यौदा

मायादेवी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय पकडी कपिलवस्तु

लुम्बिनी प्रदेश- नेपाल

## खण्ड-१ रणनैतिक सन्दर्भ (strategic context)

### १. पृष्ठभूमि

मायादेवी गाउँपालिका भित्र रोजगारीको अवसर सिर्जना गरी बढ्दो बेरोजगारी र गरिवीलाइ न्यूनिकरण गर्न नेपालको सवैधानी र कानूनी व्यवस्था भए बमोजिम प्रत्येक नागरिकलाई रोजगारीको हकको सुनिश्चितताले नागरिकलाई स्वदेशमै रोजगारीमा संलग्न गराउन संघीय लोकतान्त्रिक व्यवस्था अन्तर्गतका सरकारहरु रोजगार तर्क केन्द्रित रहेका छन । आर्थिक वृद्धि र गरिवी न्युनिकरणको आधार नै उत्पानदशिल रोजगारी रहेको छ । नागरिकलाइ न्यूनतम रोजगारीको हकलाइ सुनिश्चित गर्न, उत्पादनशिल रोजगारी र विकासका पुर्वाधारका क्षेत्रमा नेपालको श्रम शक्तिलाइ प्रतिस्पर्धी एवं सुरक्षित रोजगारीमा संलग्न गराई राष्ट्रिय अर्थतन्त्रलाई सवल र गतिशिल बनाई रोजगारीको हकलाई व्यवहारिक कार्यान्वयन गर्न स्थानीय तहमा रहेको श्रोत साधन प्रयोग गरि रोजगारिका राष्ट्रिय प्राथमिकता र दिर्घकालिन दृष्टिकोण प्राप्तिमा केन्द्रित हुनु पर्ने अवस्था रहेको छ । रोजगारीका सबैधानीक व्यवस्था र कानूनी प्रावधान तथा संघ, प्रदेश र स्थानीय तहले तर्जुमा गरेका रोजगारी सम्बन्धी नीति, नियम, कार्यविधिलाइ आम नागरिकको जीवनमा रुपान्तरण ल्याउन मायादेवी गाउँपिलकामा रोजगार रणनीति आवश्यक परेको छ । श्रोत साधनको समुचित र एकिकृत गरी मायादेवी गाउँपालिकामा आन्तरिक रोजगारी सिर्जना गर्न सहयोग पुग्ने जसबाट न्युनतम रोजगारीका कार्यक्रम, उद्यमशिलता तालिम, व्यवसायिक सिप विकास, सिपयुक्त जनशक्ति परिचालन गर्ने वस्तुगत आधार प्रदान गर्ने छ ।

रोजगार नीति २०७१ ले नेपालमा उपलब्ध श्रम शक्तिलाई प्रतिस्पर्धी वनाउदै श्रम बजारको माध्यमबाट उत्पादनशील, मर्यादित एव सुरक्षित रोजगारीमा संलग्न गराई राष्ट्रिय अर्थतन्त्रलाई सबल र गतिशिल बनाई गरिबी निवारणमा योगदान पुर्याउनु नीतिको दुर दृष्टि रहेको छ उक्त दुर दृष्ट्रि वमोजिम प्रमुख उदेश्यहरु र विषयबस्तुलाई आत्मसात गरी मायादेवी गाउँपालिकामा आगामी ५ वर्षे रोजगार रणनीतीले मार्गदशन गरेको हुने छ ।

### कृषि क्षेत्रमा दिगो उत्पादनशिल रोजगारी

- सिचाइ, कृषि सामाग्री, आधुनिक प्रविधि, मल र बजारिकरणमा समन्वय गरि न्युनतम रोजगारीको सुनिश्चत गर्न कृषिमा दिगो उत्पादनशिल रोजगारीमा जोड दिइने छ । यसका लागि गाउँपालिकाको कृषि भुयोग्य जमिनको उपयोग तौरतरिका, उत्पादन र बजारीकरणमा १०० दिनको रोजगारी प्राप्तिको बातारवरण तयार गरि श्रमिक समुह बनाई १०० दिनमा उत्पादन गर्न सक्ने मौसमी तरकारी, प्रमुख अन्नबाली,नगदे बाली उत्पादन हुने क्षेत्र पहिचान गरि रोजगारी सृर्जनामा जोड दिइने छ ।

मायादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकडी, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

**व्यवसायिक सिप विकास र तालिम**

- सबै इच्छुक नागरिकलाई आवश्यक व्यवसायिक सीपमा अभिबृद्धि गरि आन्तरिक रोजगारीको माग र आपुर्तिमा अन्तर सम्बन्ध कायम गरि आवश्यक पर्ने दक्ष जनशक्ति तयारी र उपयोग गरि आन्तरिक रोजगारी र बैदेशिक रोजगारी मार्फत नागरिकको जिवनस्तरमा सुधार आउने ।
- अनौपचारीक क्षेत्रमा सीप सिकेकालाई सीपको पहिचान गरि सीपयुक्त प्रमाणपत्रका लागि सम्बन्धि निकायसँग समन्वय गरिने छ।
- बजारको माग र जनशक्ति आपुर्तिमा आवश्यक पर्ने जनशक्ति उत्पादन गर्ने सीप विकासका कार्यक्रम संचालनमा ल्याइने छ ।

**निर्माण क्षेत्र**

- पुर्वाधार क्षेत्रमा दक्ष जनशक्ति उपलब्ध गराउन सो सम्बन्धमा आवश्यक तालिम दिइ जनशक्ति उपलब्ध हुने वातावरण बनाइने छ ।
- सामुदायिक विकास आयोजनामा दिगो रोजगारीका अवसर सिर्जना गर्न सीप विकास कार्यक्रम तर्जुमा गरिने छ
- स्थानीय पुर्वाधार विकासमा संलग्न श्रमिकको आयश्रोत र गुणस्तरमा सुधार हुने वातावरण तयार गरिने छ।

श्रम तथा रोजगारीका गतिविधिले मायादेवी गाउँपिलकाको सामाजिक र आर्थिक उन्नतिमा सकारात्मक प्रभाव पर्न गई दिगो आर्थिक विकास सघाउ र रोजगारीको सुनिश्चतताका साथै सामाजिक र आर्थिक विकासमा सहयोग पुग्न सक्ने,

- "श्रमको सम्मान, राष्ट्रको अभियान" नारालाई जनस्तरमा सकारात्मक विकास गरि आम्दानी हुने कार्य गर्न उत्प्रेरित हुने ।
- आन्तरिक रोजगारी मार्फत नागरिकको जीवनस्तरमा सुधार आउने ।
- गाँउघरमै न्युनतम रोजगारी पाएमा जिवनयापन गर्न बिदेशमै जानुपर्ने अवस्थामा सुधार आउने ।
- बैदेशिक रोजगारीमा जान चाहने व्यक्तिलाई उपयुक्त सिप उपलब्ध गराएमा बैदेशिक रोजगारीबाट राम्रो पारिश्रमिक पाउने हुँदा जिवनयापनमा सहजता आउने।
- रोजगारीलाई उत्पादनमा केन्द्रित हुने योजना बनाइने र उत्पादन भएका बस्तुको वजारीकरण, व्यवस्थापन थप रोजगारी सृर्जना गर्न विशेष पहल गरिने छ ।
- विकासका पुर्वाधारमा दक्ष र सिपमुलक जनशक्ति प्रयोजन गर्दा दैनिकि ज्यादरमा बृद्धिले हुने हुदा दैनिक जिवन यापनमा मदत पुग्ने ।
- विपन्न, न्यून आय श्रोत भएका व्यक्तिलाई पहिलो प्राथमिकता रही अवसर पाउने हुँदा सामाजिक रुपमा उच्च सम्मान हुने ।

वलिउद्दीन मुसलमान
गाउँपालिका अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

मायादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकडी, कपिलवस्तु,
लुम्बिनी प्रदेश, नेपाल

## विद्यमान नीतीगत तथा कानुनी व्यवस्था

- सविधानको धारा ३३ मा रोजगारीको हक र धारा ३४ मा श्रमको हकलाई मौलिक हकको रुपमा व्यवस्था गरिएको छ।
- धारा ३३ मा प्रत्येक नागरिकलाई छनौटको अवसर सहितको रोजगारीको हक हुने कुरा उल्लेख गरिएको छ।
- धारा ३४ मा प्रत्येक नागरिकलाई उचित श्रम अभ्यासको हक, उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक।
- धारा ४३ मा सामाजिक सुरक्षाको हकमा आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका असहाय एकल महिला, अपाङ्गता भएका, बालवालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातीका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुने उल्लेख गरिएको छ।
- सविधानको धारा ५१ (झ) मा श्रम तथा रोजगार सम्बन्धी नीतिले सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक,आर्थिक शक्तिको रुपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यवसायिक बनाउने र स्वदेशमै रोजगारी अभिबृद्धि गर्ने, मर्यादित श्रमको अवधारणा अनुरुप सबै श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै व्यवस्थापनमा श्रमिकको रोजगारी र अधिकारको प्रत्याभुति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने साथै बैदेशिक रोजगारीबाट आर्जन भएको पुँजि, सिप, प्रविधि, अनुभवलाई स्वदेशमै उत्पादनमुलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने नीति रहेको उल्लेख गरिएको छ।
- नेपालको संविधानको धारा ५१(ञ) सामाजिक न्याय र समावेशिकरण सम्बन्धी नीतिमा राज्यले असहायक अवस्थामा रहेका एकल महिलालाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गर्दै जाने, सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र, समुदाय भित्रका आर्थिक रुपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने संवैधानिक व्यवस्था रहेको छ।

प्रमुख प्रशासकीय अधिकृत

नलिउद्दीन मुसलमान
गाउँपालिका अध्यक्ष

मायादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकडी, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

## कानूनी तथा नीतिगत व्यवस्था

- रोजगारीको हक सम्बन्धी ऐन,२०७५ नियमावली, २०७५ प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५
- राष्ट्रिय रोजगार नीति, २०७२
- "श्रमको सम्मान, राष्ट्रको अभियान" सम्बन्धी रणनीति, २०७८
- एकीकृत श्रम तथा रोजगार सेवा (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०८०
- श्रम मन्त्रालयको ५ वर्षे रोजगार रणनीति योजना
- १५ औ पञ्चवर्षिय योजना
- सरकारका नीति तथा कार्यक्रम

## २. रोजगार रणनीतिको आवश्यकता/औचित्य

मायादेवी गाउँपालिकामा बढ्दो बेरोजगारीको समस्यालाई समाधानका लगि आन्तरिक रोजगारीका सिर्जना गरि बाध्यातमक वैदेशिक रोजगारीलाई निरुत्साहित गर्ने तथा रोजगारीका पर्याप्त अवसर सृजना नहुँदा वर्षेनी ठुलो संख्यामा युवाशक्ति रोजगारका लागि विदेशिनु पर्ने अवस्थालाई ध्यानमा राखि संविधानमै रोजगारीको हकको व्यवस्था राखि त्यसलाई कार्यान्वयन गर्ने विभिन्न नीति, ऐन, र कानूनहरु कार्यान्वयनमा रहेका छन। संविधान, ऐन तथा कानूनले निदिष्ट गरेका व्यवस्थालाई नागरिकको जिवनस्तरमा सुधार गर्न तय गरिएका कार्यक्रमलाई अपेक्षित प्रभावकारी भएको पाइदैन। गाउँपालिकामा संचालित प्रधानमन्त्री रोजगार कार्यक्रम मिति २०७५/११/२६ गते देखि कार्यान्वयनमा रहेको छ। त्यस्तै रोजगारी सिर्जना हने अन्य कार्यक्रम पनि रहेका छन तर स्थानीय तहमा श्रोत साधनलाई एकिकृत गरि परिचालन गरिएमा नागरिकलाई रोजगारीको हक सुनिश्चित गर्न मदत पुग्ने हुनाले रणनीति आवश्यक हुन पुगेको छ।

**संचालनमा रहेका कार्यक्रमको उपलब्धिको अवस्था :** प्रधानमन्त्री रोजगार कार्यक्रम आर्थिक वर्ष २०७५/०७६ मा ३०० जनालाई १२ दिन, आर्थिक वर्ष २०७६/०७७ कार्यक्रम कार्यान्वयन नभएको, आर्थिक वर्ष २०७७/०७८ मा २३५ जनालाई १०० दिनको रोजगारी, आर्थिक वर्ष २०७८/०७९ मा २३० जनालाई १०० दिनको रोजगारी र आर्थिक वर्ष २०७९/०८०मा ११६ जनालाई न्युनतम १०० दिन बराबरको रोजगारी यस गाउँपालिका भित्र कृषि सडक, फिल्ड मर्मत ,सिचाइ कुलो, मन्दिर पर्यटन, विद्यालय, स्वास्थय मर्मत तथा सरसफाई, खानेपानी पाइपलाइन विस्तार तथा अन्य सामुदायिक विकासका पुर्वाधारमा रहेर रोजगारी सृजना गरिएको छ। सिमित श्रोत साधन तथा संघीय सशर्त अनुदानमा रहेर न्यूनतम रोजगारीको सुनिश्चित गर्न निकै चुनौति रहेको छ। सबैलाई रोजगारीमा संलग्न गराउन सकिएको अवस्था छैन। रोजगारीका क्षेत्रमा आवश्यक श्रोत साधन प्रयोग गरि धैरै नागरिकलाई रोजगारीमा संलग्न गराउन तथा हाल संचालनमा रहेका रोजगारीका कानूनी प्रावधानले तय गरेका दिर्धकालिन उदेश्य पुरा गर्न, स्थानीय तहको श्रोत साधन सहित प्रयोग गरि धैरै नागरिकलाई रोजगारी तथा स्वरोजगार कार्यक्रमा संलग्न गराई श्रम तथा रोजगार क्षेत्रका दीर्घकालिन सोच सहितको रणनीति तय गर्न आवश्यक देखिएको तथा तीन वटै तहबाट प्राप्त श्रोत साधनलाई

प्रमुख प्रशासकीय अधिकृत

कमरुद्दीन मुसलमान
गाउँपालिका अध्यक्ष

प्रभावकारी रुपमा कार्यन्वयन गर्दै उत्पादनशिल रोजगारीको विकास र उपयोगी गर्न यो रणनीति योजना तयार गरिएको हो। प्रस्तुत सन्दर्भमा यस रणनीति योजनाको आवश्यकता र औचित्य देहाय बमोजिम रहेको छ।

- श्रम तथा रोजगार सम्बन्धी दिर्घकालिन राष्ट्रिय सोच, लक्ष्य प्राप्तिका लागि तहगत सरकारबाट तर्जुमा गरिएका कार्यक्रम बीच सामञ्जस्यता कायम गर्न,
- गाउँपालिका भित्र मर्यादित रोजगारीको लागि उद्यमशिलताको विकास र आन्तरिक रोजगारी प्रवर्द्धन गर्न ,
- श्रोत साधनलाई रोजगारमा केन्द्रित गर्न,
- उत्पादनशिल र दिगो रोजगारीमा पहल गर्न,
- न्युनतम रोजगारी मार्फत पुर्वाधार विकास र उत्पादनशिल रोजगारीमा धेरै नागरिकलाई सहभागिता गराउन,
- बैदेशिक रोजगारमा जान चाहनेलाई आवश्यकताका आधारमा सिपमुलक तालिम संचालन गर्न।

**३. अध्ययनको पद्धति:** स्थानीय तहको रोजगार रणनीतिका लागि आवश्यक पर्ने सूचना , तथ्याङ्क संकलन गर्न स्थानीय तहको रोजगार रणनिति निर्माण सम्बन्धी मार्गदर्शन,२०८० ले निर्धारण गरेका अनुसूचि २ र ३ मा प्रश्नावलीहरुलाइ प्रयोग गरिएको छ साथै सरोकारवालासँगको अन्तरक्रिया गरि प्राथमिक सूचना संकलन गरिएको छ। त्यसै गरि श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले कानूनी तथा नीतिगत व्यवस्था, प्रधानमन्त्री रोजगार कार्यक्रमका राम्रा पक्ष र उपलब्धी, बैदेशिक रोजगार विभाग, बैदेशिक रोजगार सचिवालय लगायतका निकायबाट प्राप्त जानकारीलाई सेकेन्डरी सूचना संकलित गरी गुणात्मक विधिमा आधारित भएर रणनीति योजना तयार गरिएको छ।

## ४. क्षेत्र :-

मायादेवी गाउँपालिकाको रोजगार रणनितिले आन्तरिक रोजगारीको अवस्था, सीप विकास तालिम तथा बैदेशिक रोजगार सम्बन्धी क्षेत्रको व्यवस्थित र तथ्यपूरक अध्ययनसँग सम्बन्ध राख्दछ। यस रोजगार रणनितिका क्षेत्रहरु देहाए बमोजिम रहेका छन।

- आन्तरिक रोजगारीमा सृजना हुने क्षेत्रका समस्या, चुनौति तथा समाधानका उपाय।
- प्रधानमन्त्री रोजगार कार्यक्रमका कार्यान्वयनमा देखापरेका समस्या, चुनौती तथा समाधानका उपाय।
- स्थानीय तह भित्र दिगो तथा उत्पादनशिल रोजगारीको सम्भाव्याताको खोजि तथा प्रवर्द्धन।
- बैदेशिक रोजगारी सम्बन्धित सूचना प्रवाह, परार्मश तथा सहजीकरण।
- सीपयुक्त जनशक्ति तयार गर्न सीप विकास तालिम।

प्रमुख प्रशासकीय अधिकृत

वलिउद्दीन मुसलमान
गाउँपालिका अध्यक्ष

मायादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकडी, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

**५. सिमाः-** मायादेवी गाउँपालिकाको ८ वटै वडा भित्र रहेर स्थानीय तहको रोजगार रणनीति तयार गरिने छ। यसमा मायादेवी गाउँपालिकाको सामाजिक, आर्थिक, जनसंख्याको बनौट, उत्पादनशिल क्षेत्रको अवस्था, रोजगारीका सिर्जना हुन सक्ने क्षेत्र, सीपयुक्त जनशक्ति तयार सम्बन्धी सिमा रहेका छन।

## खण्ड -२ वर्तमान अवस्थाको विश्लेषण

स्थानीय तहको रोजगार रणनीति योजना तयार गर्दा देहायका विषयमा विश्लेषण गरिएको छ।

**२.१ जनसंख्या र रोजगारीको अवस्था (जनगणना २०७८ अनुसार) :-** यस मायादेवी गाउँपालिकाको जनसंख्या देहाय बमोजिम रहेको छः

| क्र.स. | वडाको नाम | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | पकडी | ४७७० | ४६९२ | ९४६२ |
| २ | अभिराव | ४२७० | ३८६४ | ८१३४ |
| ३ | फुलिका | ४१३९ | ४०३३ | ८१७२ |
| ४ | पिपरा | २८७२ | २४९६ | ५३६८ |
| ५ | बलुहवा | ३२९९ | २८८२ | ६१८१ |
| ६ | डुमरा | २९०४ | २९०१ | ५८०५ |
| ७ | हरनामपुर | २९३८ | २८८६ | ५८२४ |
| ८ | बिजुवा | ३६५६ | ३३७० | ७०२६ |
| कुल जम्मा | | २८८४८ | २७१२४ | ५५९७२ |

जसमा ५१.५५ प्रतिशत महिला र ४८.४७ प्रतिशत पुरुष रहेको छ। गाउँपालिका भित्र जनघनत्व ६३२ र घरदुरी संख्या ७०३४ रहेको पाइन्छ। भौगोलिक धरातल अनुसार फरक फरक जनसंख्याको बनौट रहेको छ, भारत सिमाना सँग जुडेको क्षेत्रमा बढी उत्पादन योग्य जमीन, व्यापार व्यवसाय गर्न सहज, शिक्षा, यातायतको सुविधाको पहँच भएकाले यस क्षेत्रमा बसोबास गर्ने जनसंख्याको जनघनत्व बढी रहेको छ।

प्रमुख प्रशासकीय अधिकृत

वलिउद्दीन मुसलमान
गाउँपालिका अध्यक्ष

२.१.१ जनसंख्या, उत्पादन र व्यवसायको आधारमा २ भागमा बाडन सकिन्छ:

- **व्यवसायशील भारत सिमाना किनारा क्षेत्र :** वडा न ८ तथा वडा न ४ संग जुडेको भारतको अलीगढवा बार्डर र गौरा बार्डर र हरिबशांपुर क्षेत्रमा बसोबास गरिरहेका जनताले मालसामानको आयात-निर्यात माध्यम बाट निकै नै आम्दानी गरी जीविकोपार्जन गर्न सहज भएको छ । साथै कृषियोग्य भुभागको बाहुल्यता रहेको हुनाले कृषकहरुको संख्या बढी रहेको देखिन्छ । मायादेवी गाउँपालिका भित्र बसोबास गरिरहेका कृषकहरुले खेतिपाती गर्नुको साथै माछापालन, पशुपालन (गाई, भैंसी, भेडा, बाख्रा, सुगुंर, हांस आदि) र कुखुरापालनको व्यवसाय बढी मात्रामा गरिरहेको पाइन्छ। यस क्षेत्रमा खाद्य उत्पादन र दिगो तथा उत्पानदशिल रोजगारीको सम्भावना बढी देखिन्छ। यस क्षेत्रमा बसोवास गर्ने मानिसहरु आर्थिक अवस्था मध्यम जिवनशैली अपनाएको पाइन्छ। यस क्षेत्रमा व्यापार, कृषि, स-साना उधोग, भारत तथा बैदेशिक रोजगारीमा गई जिवनयापन गरिरेका देखिन्छ। वर्षको कृषिबाट २ देखि ३ पटक उत्पादन गर्न सकिने अवस्था देखिन्छ।
- **मध्य क्षेत्र :-** वडा न १ र २ को पूर्व दिशामा शुद्दोधन गाउँपालिका र भैरहवा जोडने हुलाकी राजमार्ग, वडा न ३ र ६ को उत्तर दिशामा बाणगंगा नगरपालिका र जीतपुर हुदैं बुटवल जोडने महेन्द्र राजमार्ग, वडा न ५ र ७ को पश्चिम यशोधरा गाउँपालिका र जिल्लाको सदरमुकाम जोडने तौलिहवा जस्तो क्षेत्र संग मायादेवी गाउँपालिका जुडेको हुनाले व्यवसायी तथा उद्दमीहरुलाई कारोबार गर्न सहज भएको छ। यस क्षेत्रमा विषेश गरि ब्रहमण, कुर्मी, मुस्लिम, यादव, थारु, कहार, कोहार, केवट, विश्वकर्मा, सुनार, हरिजन, चमार, जनजाती, नटुवा आदी जातजातिको मिश्रित बसोवास रहेको पाइन्छ। यस क्षेत्रमा मानिसहरु कृषि तथा मौसमी तरकारी, गाइ, भैसी, बाख्रापालन, इट्टा उद्दोग, सहकारी, भारत तथा बैदेशिक रोजगार, जस्ता आर्थिक क्रियाकलापमा संलग्नता भइ रहेकाले रोजगारीका सम्भावना रहेको छ। यसका साथै विकासका पुर्वाधारमा रोजगारीको सृर्जना हुने अवस्था देखिन्छ।

२.१ स्थानीय तहमा रहेका उद्योग प्रतिष्ठान र रोजगारदाताको विवरण

| वडा न. | उद्योग/ प्रतिष्ठानहरु(संख्यात्मक) | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | राइस पलान्ट | इट्टा उद्योग | ग्रील उद्योग | फर्निचर उद्योग | डेरी उद्योग | सरफ फेक्ट्री | गारमेन्ट उद्योग | बेकरी उद्योग | वर्कशाप | |
| १ | १० | ३ | ५ | १० | २ | २ | १ | २ | १२ | ४७ |
| २ | ३ | १ | ० | १ | ० | ० | २ | ० | १ | ८ |
| ३ | १ | ० | २ | २ | ३ | ० | ० | ० | २ | १० |

प्रमुख प्रशासकीय अधिकृत

बलिउद्दीन मुसलमान
गाउँपालिका अध्यक्ष

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | २ | १ | २ | १ | २ | ० | ० | १ | २ | ११ |
| ५ | ५ | १ | १ | २ | २ | ० | १ | ० | ० | १२ |
| ६ | ६ | २ | १ | १ | १ | ० | ० | ० | १ | १२ |
| ७ | ३ | १ | २ | ३ | १ | ० | ० | ० | १ | ११ |
| ८ | २ | १ | २ | २ | १ | ० | ० | १ | २ | ११ |
| जम्मा | ३२ | १० | १५ | २२ | १२ | २ | ४ | ४ | २१ | १२२ |

### १.३ रोजगारीको अवस्था

- उपरोक्त टेबल अनुसार वडा न. १ मा सबभन्दा बढी वडा न. २ मा सबभन्दा कम उद्योग प्रतिष्ठानहरु देखिन्छ । त्यसै गरी गाउँपालिका भित्र राइस पलान्टको संख्या सबभन्दा बढी र फेक्ट्रीको संख्या सबभन्दा कम देखिन्छ । सबै उद्योग प्रतिष्ठानहरु गरी १२२ जना उद्योगीहरुले कम्तीमा १२५५ जनालाई रोजगारी उपलब्ध गराएको अवस्था पाइएको छ ।
- १८ वर्ष वा सो भन्दा माथिको उमेर समुहका जनसंख्या मध्ये १४२३ जना स्थानिय रोजगारीमा संलग्न भएको अवस्था देखिन्छ ।
- उपरोक्त १४२३ जना मध्ये १२५५ जना निजि/गैरसरकारी संस्थामा रोजगारीमा संलग्न छन भने १६८ जना सरकारी कार्यालयमा कार्यरत रहेको अवस्था देखिन्छ ।
- प्रभानमन्त्री रोजगार कार्यक्रम तर्फबाट १८ वर्ष पूरा भई ५९ वर्ष ननाघेको उमेर समूहका बर्षेनि १०० देखि १५० जना बेरोजगार व्यक्तिहरुले न्यूनत रोजगारीका अवसर प्राप्त गरिएको अवस्था देखिन्छ ।
- १२२ जना रोजगारदाता मध्ये लगभग ११५जना पुरुष र ८ जना महिला रहेका छन ।

### २.२ उद्योगको संख्या र रोजगारीमा संलग्न भएका व्यक्तिको विवरण

- स- साना उधोग १२२ जना रोजगारदाता रहेको राष्ट्रिय जनगणना २०७८ ले उल्लेख गरेको छ, स्थानीय तहको रोजगार रणनीति निर्माणको मार्गदर्शन २०८० को अनुसूचि ३ बमोजिम सुझाव संकलन गर्ने क्रममा ३० वटा रोजगारदातासंग सुझाव संकलन उक्त विवरण अनुसूचि १ मा राखिएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

वलिउद्दीन मुसलमान
गाउँपालिका अध्यक्ष

मायादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकडी, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

**२.३ स्वरोजगारका लागि नँया उधोग तथा प्रतिष्ठान खोल्ने अवस्था**

- साना कृषिमा आधारित उधोग हुन सक्ने

**२.४ उधोग प्रतिष्ठानमा संलग्न हुने सक्ने रोजगारीको प्रकृति**

- साना तथा ठूला राष्ट्रिय गौरवका योजना हुन सक्ने

**२.५ उधोग प्रतिष्ठानहरुमा संलग्न हुने जनशक्तिका लागि आवश्यक पर्ने सीप तथा क्षमताको विश्लेषण**

- दक्ष/अदक्ष/अर्धदक्ष जनशक्ति

**२.६ वैदेशिक रोजगारीमा भएका व्यक्तिहरुको संख्या र प्रकृति**

- राष्ट्रिय जनगणना तथा बैदेशिक रोजगार सम्बन्धी पार्श्व चित्र-२०७८ अनुसार बिदेशमा बसोबास गर्ने अनुपस्थित जनसंख्या अनुसार कपिलवस्तु जिल्लाको यस मायादेवी गाउँपालिकाको कुल ६५०७ घरधुरी संख्या मध्ये ७४ प्रतिशत ४८०७ घरधुरीहरुका यूवाहरु बैदेशिक रोजगारीमा गएको तथ्यांक प्राप्त भएको छ। जस मध्ये २००९ घरधुरीका २२२६ जना व्यक्तिहरु स्वदेश फर्किसकेका छन। लैंगिक विवरणको आधारमा ११ जना महिला र ३३८० पुरुष रहेका छन। साथै १८ देखि २० वर्ष समूहका १७१ जना, २१ देखि ३० वर्ष समूहका १४७६ जना, ३१ देखि ४० वर्ष समूहका १२९२ जना, ४१ देखि ५० वर्ष समूहका ३७७ जना, ५० वर्ष देखि माथि समूहका ७५ जना बैदेशिक रोजगारीमा गएका छन। त्यसै क्रममा बैदेशिक रोजगारीमा यस मायादेवी गाउँपालिकाका वर्षेनि बेरोजगार नागरिकहरु जीवनयापन गर्न तथा आधारभुत आवश्यकता पुर्ति गर्न भारतमा रोजगारीमा गएका छन भन्ने भारत बाहेक अरु देशमा रोजगारीमा गएका व्यक्तिको विवरण-

| | बैदेशिक रोजगारीमा रहेका वडागत संख्या | प्रकृति |
|---|---|---|
| १ | २४४- (७%) | लेवर/गार्ड/कुक/वेल्डर/मेसन/कारपेन्टर |
| २ | ५३५- (१६%) | लेवर/गार्ड/कुक/वेल्डर/मेसन/कारपेन्टर |
| ३ | ३५८- (११%) | लेवर/गार्ड/कुक/वेल्डर/मेसन/कारपेन्टर |
| ४ | २५३- (७%) | लेवर/गार्ड/कुक/वेल्डर/मेसन/कारपेन्टर |
| ५ | ३७७ - (११%) | लेवर/गार्ड/कुक/वेल्डर/मेसन/कारपेन्टर |
| ६ | ७४१- (२२%) | लेवर/गार्ड/कुक/वेल्डर/मेसन/कारपेन्टर |
| ७ | ४००- (१२%) | लेवर/गार्ड/कुक/वेल्डर/मेसन/कारपेन्टर |
| ८ | ४८३ - (१४%) | लेवर/गार्ड/कुक/वेल्डर/मेसन/कारपेन्टर |
| जम्मा | ३३९१ | |

प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष

मायादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकडी, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

### २.७ वैदेशिक रोजगारका लागि उपलब्ध सेवा तथा सुविधाको विश्लेषण

- बैदेशिक रोजगारलाई सुरक्षित मर्यादित र व्यवस्थित गर्न आवश्यक सहजिकरण तथा परार्मश गर्ने व्यवस्था रहेको छ।
- बैदेशिक रोजगार सम्बन्धी अभिमुखिकरण, सूचना प्रवाह र प्रवद्धनात्मक क्रियाकलाप संचालन गर्ने ।
- बैदेशिक रोजगारमा जाने श्रमिकको श्रम स्वीकृति र पुन: श्रम स्वीकृतिमा सहजिकरण गर्ने ।
- बैदेशिक रोजगार, सुरक्षित आप्रवासन, पुनर्स्थापना र पुन:एकीकरण सम्बन्धी कार्यक्रमको संचालनमा समन्वय, सहकार्य र सहजिकरण।

### २.८ स्थानीय तहमा श्रम तथा रोजगारीका क्षेत्रमा भएका चुनौती र निराकरणको अवस्था

चुनौती

- बेरोजगार युवाहरुलाई श्रमप्रतिको धारणामा रुपान्तरण गर्न नसकिनु ।
- विकासका पुर्वाधारमा पनि आवश्यक श्रोत साधन अभावले
- बेरोजगार युवाहरुले उत्पादनशील रोजगारी अन्तर्गत कृषि तथा पशुपालनमा भविष्य नदेख्नु।
- सीपलाई रोजगारमा रुपान्तरण गर्नु।
- बढ्दो बेरोजगारीलाई न्यूनिकरण गर्नु ।
- श्रोत साधनमा एकीकृत उपयोग नहुनु ।
- मागमा आधारित रोजगारीको व्यवस्थापन गर्न नसकिनु ।
- न्युन बजेटमा अपेक्षा धेरै हुनु ।

निराकरण

- रोजगारीको हकलाई पुर्णरुपमा कार्यान्वियन गर्न संघीय सरकारबाट प्राप्त कानून नीति नियम बनेका छन ।
- श्रमको सम्मान राष्ट्रको अभियानका विभिन्न कार्यक्रम भएका छन ।
- संघ र स्थानीय तहले रोजगारी सृर्जना हुने गरि बजेट व्यवस्थापन गर्ने गरेका छन ।
- लघुउद्यम विकास (मेडपा) कार्यक्रम मार्फत पनि स्वरोजगार गराउने गतिविधि रहेका छन।
- सीपयुक्त जनशक्तिलाई रोजगारीमा आवद्ध गर्न काममा आधारित तालिम संचालन हुने गरेका छन ।

प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष

२.९ स्थानिय तहमा रोजगार रणनीतिको कार्यान्वयन पश्चात प्राप्त हुने अवसर र उपलब्धि

अवसर

- गाउँपालिका भित्र आर्थिक गतिविधि बढन गई युवाहरुलाई उद्योग व्यवसाय गर्ने बातावरण
- परिणात्मक र गुणात्मक रोजगारी सिर्जना
- आन्तरिक रोजगारीमा विश्वसिलो दीगो माग र आपुर्तिमा प्रणालीको विकास
- न्यूनतम रोजगारीमा अहिलेको चुनौतीलाई दिगो रोजगारीका अवसरमा रुपान्तरणको अवसर
- युवालाई कृषि, पशुपालन, व्यवसाय आदिमा संलग्नता हुने अवसर।

उपलब्धि

- बेरोजगार नागरिकलाई न्यूनतम रोजगारीको प्रत्याभूति भएको हुने।
- सीपयुक्त जनशक्तिलाई उत्पादनशील क्षेत्रमा रोजगारी पाएको हुनेछ।
- श्रोत साधनलाई एकिकृत गरि रोजगारीमा केन्द्रित भएको हुनेछ।
- संघीय श्रम तथा रोजगार नीतिलाई उपलब्धिमूलक भएको हुनेछ।
- बेरोजगार युवाहरुलाई आय आर्जनमा केन्द्रित भएका हुनेछन्।
- रोजगारीको माग र आपुर्तिको ढाँचा तयार भइ कार्यान्वन भएको हुनेछ।
- बैदेशिक रोजगारलाई सुरक्षित उपलब्धिमूलक बनाउन परामर्श सेवा तथा अन्य सेवा संचालन विश्वसनियता बढेको हुनेछ।
- आन्तरिक रोजगारीका अवसर सिर्जना भएको हुने
- दिगो र उत्पादनशील रोजगारिका क्षेत्रका पुर्वाधार निर्माण भएको हुनेछ।
- दिगो रोजगारीका लागि उधमशिलताका नयाँ क्षेत्र पहिचान भइ वार्षिक दिगो रोजगारिमा संलग्न हुने संख्यामा बढेको हुनेछ।
- तीनै तहको रोजगारीका कार्यक्रमलाइ एकिकृत गराउन सहयोग पग्नु।
- स्थानीय तहको श्रोत साधनको प्रयोग भइ बार्षिक न्युनतम रोजगारीका क्षेत्रमा सूचिकृत बेरोजगारीको संख्यामा हाल करिव ८% ले मात्र रोजगारी पाएकोबाट ५०% सम्मलाइ रोजगारी पाएको सुनिश्चित हुने।

प्रमुख प्रशासकीय अधिकृत

वलिउद्दीन मुसलमान
गाउँपालिका अध्यक्ष

मायादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकडी, कपिलवस्तु,
लुम्बिनी प्रदेश, नेपाल

## खण्ड :- ३

## रणनैतिक विश्लेषण

गाउँपालिका भित्र रोजगारीका क्षेत्र र अवसर पहिचान, श्रोत साधनको अधिक प्रयोग गरि बढ्दो बेरोजगारी र गरिबीलाई न्यूनिकरण गर्न संघीय सरकार, प्रदेश र स्थानीय सरकारले विभिन्न कार्यक्रम कार्यान्वयन भएका तर उपलब्धिमूलक नभएको अवस्था रहेको छ ।संघीय सरकारको रोजगार नीतिलाई आत्मसाथ गरि तिन वटै तहबाट प्राप्त श्रोत साधन जनशक्तिलाई उत्पादनशिल रोजगार मार्फत नागरिकको जिवनस्तरमा सकारात्मक प्रभाव पार्न, आन्तरिक रोजगारीमा संलग्न हुन चाहने नागरिकको उच्च सम्मान गर्न, सीपयुक्त जनशक्तिलाई श्रममा आवद्ध गर्न र पुर्वाधार मार्फत न्युनतम रोजगारी पाउने कानूनी व्यवस्थाले मात्र रोजगारीका संख्या बढाउन नसकिएको अवस्थामा, बर्षेनी सयौ बेरोजगार नागरिक बैदेशिक रोजगारोमा गई रहेका बर्तमान चुनौतीलाइ आत्मसाथ गरि आन्तरिक रोजगारीका नँया क्षेत्र पहिचान गरि स्थानीय तहको श्रोत साधनलाई रोजगारीका क्षेत्रमा उपयोग गरी बेरोजगार नागरिकलाई गाउँमै बस्ने र स्वारोजगारमा आवद्द हुने बातावरण तय गर्न रणनीतिक योजनाले मार्ग निर्देशन गर्ने तपसिल बमोजिमको अपेक्षा छ ।

- बेरोजगार नागरिकलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नु ।
- सीपयुक्त जनशक्तिलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्नु ।
- श्रोत साधनलाई एकिकृत गरि रोजगारीमा केन्द्रित गर्नु ।
- संघीय श्रम तथा रोजगार नीतिलाई उपलब्धिमूलक बनाउनु ।
- बेरोजगार युवाहरुलाई आय आर्जनमा केन्द्रित गराउनु ।
- रोजगारीको माग र आपुर्तिको ढाँचा तयार गर्नु ।
- बैदेशिक रोजगारलाई सुरक्षित उपलब्धिमूलक बनाउन परामर्श सेवा संचालन गर्नु ।

## खण्ड-४

## रणनैतिक सवाल

गाउँपालिका भित्र रोजगारीको अवसर सिर्जना गरि उपलब्ध अवसरहरुमा लक्षित वर्गको पँहुच अभिबृद्धि गरि रोजगारीको हक सुनिश्चित गर्न संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहले पनि आवश्यकता अनुसार विभिन्न कार्यक्रम संचालित हुँदा पनि रोजगारीको सुनिश्चित गर्न सकिएको छैन। रोजगारीका हक कार्यान्वयनमा प्रभावकारी बनाउन स्थानीय तहको अपनत्व हुने र रोजगार कार्यक्रमलाइ उपलब्धि मूलक बनाउन, आन्तरिक रोजगारी सिर्जनामा एकिकृत श्रोत साधन परिचालन गर्न, आन्तरिक रोजगारीका अवसरमा वृद्धि, बैदेशिक रोजगारीलाई मर्यादित बनाउनु, दिगो रोजगारिका क्षेत्र पहिचान गर्न, उद्यमशीलता विकास मार्फत जिवनस्तरमा सुधार ल्याउनु यस रणनैतिक सवाल रहेका छन ।

प्रमुख प्रशासकीय अधिकृत

अलिउद्दीन मुसलमान
गाउँपालिका अध्यक्ष

मायादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकडी, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

खण्ड – ५

## दूरदृष्टि,लक्ष्य र उदेश्य

( long –term vision, mission, objectives)

सोच : कृषि, पर्यटन,सडक मर्मत, विद्यालय/स्वास्थय सरसफाई, खानेपानी विस्तार आदि क्षेत्रमा रोजगारी बढाउदै, शान्त ,सुन्दर, समुन्नत बनाऔ मायादेवी रोजगार रणनीतिक योजनाको दिर्घकालीन सोच हुनेछ ।

लक्ष्य : सुचिकृत बेरोजगारलाई रोजगारीको प्रत्याभुति मार्फत सामाजिक र आर्थिक अवस्थामा सुधार ल्याउनु लक्ष्य रहेको छ ।

उदेश्य : गाउँपालिकाको रोजगार रणनीति तर्जुमा भई कार्यान्वयन पश्चात स्थानीय तहले संघीय रोजगार नीतिलाई समेत प्रत्यक्ष सहयोग पुर्याउदै गाउँपालिकाले देहायका नतिजा प्राप्त गर्न सक्षम हुनेछन ।

१. विकासका पुर्वाधारमा, कृषिको उत्पादन, जडिबुट्टिको तथा बन पैदावरको संकलन, प्रशोधन बजारीकरण, उद्यमशीलताको प्रवर्द्धन, पशुपालन, माछा पालन, तरकारी, फलफुल खेति मार्फत न्यूनतम रोजगारी देखि दीगो र उत्पादनशील रोजगारीको सुनिश्चित गर्नु ।

२. बजारको आवश्यकता र मागका आधारमा सीपको पहिचान र उत्पादन गर्न सीपयुक्त जनशक्तिको उपयोग गर्नु।

३. बैदेशिक रोजगारीमा जाने इच्छुक युवाहरुलाई आवश्यक पर्ने सीप, अभिमुखिकरण, परामर्श दिई दक्ष, प्रतिस्पर्धी, सूरक्षित, मर्यादित र उपलव्धिमूलक बनाउनु तथा फर्किएका व्यक्तिले हासिल गरेका अनुभव र ज्ञानलाई उत्पादनशी क्षेत्रमा उपयोग गर्नु ।

४. रोजगारमुलक सेवालाई उपलव्धिमूलक र रोजगारमैत्री बनाउनु ।

गाउँपालिका प्राथमिकताहरु:-

१. आन्तरिक, दीगो तथा उत्पादनशील रोजगारीमा जोड ।

२. सीपमूलक तालिममा जोड ।

३. कृषि , वन पैदावरमा रोजगारी सिर्जना ।

४. स्थानीय उत्पादन तथा उद्योग, पर्यटन, खानी, उद्यमशिलतामा जोड ।

५. विकासका पुर्वाधार ।

६. बैदेशिक रोजगारबाट फर्किएका युवाहरुलाई उत्पादनका क्षेत्रमा संलग्न ।

७. बैदेशिक रोजगारीमा जान चाहने युवालई परामर्श,अभिमुखिकरण।

प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष

मायादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकडी, कपिलवस्तु,
लुम्बिनी प्रदेश, नेपाल

## खण्ड :- ६

## रणनैतिक लक्ष्यहरु

## ( strategies goals )

- बेरोजगार नागरिकलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नु ।
- सीपयुक्त जनशक्तिलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्नु ।
- श्रोत साधनलाई एकिकृत गरि रोजगारीमा केन्द्रित गर्नु ।
- संघीय श्रम तथा रोजगार नीतिलाई उपलब्धिमूलक बनाउनु ।
- बेरोजगार युवाहरुलाई आय आर्जनमा केन्द्रित गराउनु ।
- रोजगारीको माग र आपुर्तिको ढाँचा तयार गर्नु ।
- लघु उद्यम विकासलाई स्वरोजगारमा केन्द्रित गराउनु ।
- बैदेशिक रोजगारलाई सुरक्षित उपलब्धिमूलक बनाउन परामर्श सेवा संचालन गर्नु ।
- बैदेशिक रोजगारीबाट फर्किएका युवालाई उत्पादनशील क्षेत्रमा उपयोग गर्नु .
- कृषि, बनपैदावर, उद्योग, तरकारी, फलफुल खेति, मसाला बाली,जडिबुट्टि मार्फत दीगो रोजगारलाई सुनिश्चित गर्नु ।

## खण्ड- ७

## रणनैतिक स्तम्भ/ प्रमुख रणनीति तथा कार्यनीतिहरु

## ( Major strategies )

### ७.१ रणनीतिक स्तम्भ

रणनीति योजनाको सोच लक्ष्य र उदेश्य प्राप्तिका लागि निम्न अनुसारका रणनीतिक स्तम्भ पहिचान गरिएको छ । रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनको लागि प्रत्येक रणनीतिक स्तम्भ अन्तर्गत रणनीति र कार्यनीतिहरु तय गरिएको छ ।

स्तम्भ- १: आन्तरिक रोजगारी सिर्जना हुने क्षेत्रको विस्तार गर्ने ।

स्तम्भ- २: बेरोजगारलाई सीप, रोजगारदातालाई सीपयुक्त जनशक्ति ।

स्तम्भ- ३: बैदेशिक रोजगारलाई उपलब्धिमूलक र फर्केका व्यक्तिको अनुभवलाई उपयोग ।

स्तम्भ- ४: रोजगारमूलक सेवालाई उपलब्धिमूलक र रोजगारमैत्री ।

प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष

७.२ रणनीति तथा कार्यनीति

| रणनीतिक स्तम्भ- १: आन्तरिक रोजगारी सिर्जना हुने क्षेत्रको विस्तार गर्ने | |
|---|---|
| रणनीति | कार्यनीति |
| १.१ विकासका पुर्वाधारको मर्मत तथा निर्माण कार्यमा श्रमिकलाई आवश्यक पर्ने सीप सिकाउने र प्रयोग गर्ने।। | १.१.१ रोजगार आयोजनामा खटाउनु अगाडी श्रमिकलाई आवश्यक पर्ने कला, सीप, तरिका, विधि सम्बन्धमा आवश्यक परार्मश र सीप सिकाएर मात्र न्यूनतम रोजगारीमा खटाइनेछ। |
| १.२ दिगो र उत्पादनशिल रोजगारीको अवसरको विस्तार गर्न स्थानीय श्रोत साधनलाई प्रयोग गर्ने। | १.२.१ उत्पादन हुने खाद्यन्न बालि, मसाला बालि, तरकारी पकेट, फलफुल खेती क्षेत्रको जमिनको छनौट, परिक्षण गरि उत्पादनशिल रोजगारीको ढाँचा तयार गर्ने र पशुपालन र माछा पालनका सम्बन्धमा सम्भावित अध्यन गरी गाँपालिका भित्र रोजगारीका अवसरको खोजी गरिनेछ। |
| **रणनीतिक स्तम्भ- २:** बेरोजगारलाई सीप, रोजगारदातालाई सीपयुक्त जनशक्ति | |
| २.१ जीवनउपयोगि सीप मार्फत बेरोजगार युवालाई रोजगार वा स्वरोजगारमा संलग्न हुन उत्प्रेरित गर्ने। | २.१.१ लघु उद्यमशिल सीपलाई व्यवहारिक जीवनमा लागु गर्न सक्ने गरि बेरोजगार नागरिकलाई प्रोत्साहन गरिनेछ। |
| २.२ युवाहरुलाई सीप सिकाउन तालिम प्रदायक निकायसँग समन्वय गर्ने र कार्यान्वयन गर्ने। | २.२.१ रोजगारमा संलग्न व्यक्तिको क्षमता र आवश्यकता अनुसार कार्यस्थलमा आधारित तालिम दिइ दक्ष बनाइने छ। |
| २.३ रोजगारदातालाई सम्मान तथा रोजगारीको आँकलन गर्ने। | २.३.१ गाउँपालिका भित्रका निजि क्षेत्रका उद्योग व्यवसायी, ठेकेदार, होटल व्यवसायी, सहकारी निर्माण व्यवसायी तथा अन्य रोजगारदाताको विवरणको अभिलेख राखिने छ। |
| स्तम्भ- नं. ३ बैदेशिक रोजगारलाई उपलब्धिमूलक र फर्केका व्यक्तिको अनुभवलाई उपयोग | |
| ३.१ बैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउन सम्बन्धित निकायसँग समन्वय गर्ने। | ३.१.१ बैदेशिक रोजगारमा जान चाहने इच्छुक व्यक्तिलाई आवश्यक पर्ने सीपको आँकलन गरि छोटो अवधिका सिप सिकाउनका लागि पहल गरिनेछ। |
| ३.२ बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुले प्राप्त गरेको अनुभव सीप ज्ञान प्रविधिको सदुपयोग गर्ने। | ३.२.१ बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुले प्राप्त गरेको अनुभव, सीप, ज्ञान, प्रविधिलाई अभिलेखिकरण गरि उत्पादनशील रोजगार तथा सीपका नया क्षेत्रको खोजी गरी सदुपयोग गरिनेछ। |
| स्तम्भ- नं. ४ रोजगारमूलक सेवालाई उपलब्धिमूलक र रोजगारमैत्री | |

प्रमुख प्रशासकीय अधिकृत

| | |
|---|---|
| ४.१ रोजगारमूलक सेवाको अभिलेख राख्ने र प्रभावकारी कार्यान्वयन गर्ने। | ४.१.२ सीप विकास, सहुलियतापुर्ण कर्जा, वित्तिय साक्षरता, उद्यमशिलता, परामर्श सेवा तथा सुविधाको पहिचान र एकिकृत अभिलेख राखिनेछ। ४.१.३ संघ प्रदेशका श्रम तथा रोजगार सम्बन्धी नीतिगत र कानूनी व्यवस्थाहरु प्रभावकारी कार्यान्वयन गर्ने र रोजगारमैत्री बनाइने छ। |

७.२ समन्वय तथा सहकार्य

रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयन गर्नका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र मातहतका निकाय, प्रदेश तथा सरोकारवाला निकाय, निजि क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज, समाज सेवी, निर्माण व्यवसायी, उद्योग व्यवसायी लगायतका आमसरोकारवाला व्यक्ति तथा निकायसँग समन्वय र सहकार्य गरिनेछ।

खण्ड- ८

# पाँच वर्षको रणनैतिक कार्ययोजना

(Strategic Action Plan)

अनुसूची- ५

## मायादेवी गाउँपालिकाको रोजगार रणनीतिक कार्यान्वयन कार्ययोजना

स्तम्भ नं. १

आन्तरिक रोजगारी सिर्जना हुने क्षेत्रको विस्तार गर्ने

रणनीति १.१ विकासका पुर्वाधारको मर्मत तथा निर्माण कार्यमा श्रमिकलाई आवश्यक पर्ने सीप सिकाउने र प्रयोग गर्ने।

कार्यनीति १.१.१ रोजगार आयोजनामा खटाउनु अगाडी श्रमिकलाई आवश्यक पर्ने कला, सीप, तरिका, विधि सम्बन्धमा आवश्यक परार्मश र सीप सिकाएर मात्र न्यूनतम रोजगारीमा खटाइनेछ।

| क्र.सं | क्रियाकलाप व कार्यक्रम | जिम्मेवारी निकाय/ शाखा | सहायक निकाय/ शाखा | समयवधि | कार्यसम्पादन सूचक | जोखिम |
|---|---|---|---|---|---|---|
| १.१.१.१ | रोजगार आयोजनाको छनौट र कार्यान्वयन | रोजगार सेवा केन्द्र | प्राविधिक शाखा | ४ महिना भित्र | आयोजना छनौट भएको हुनेछ। | |

प्रमुख प्रशासकीय अधिकृत

वलिउद्दीन मुसलमान
गाउँपालिका अध्यक्ष

मायादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकडी, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | योजना शाखा | | | |
| १.१.१.२ | रोजगार आयोजनाको प्रकृति र श्रमिको क्षमता हेरेर परार्मश र सीप सिकाउने | रोजगार सेवा केन्द्र /प्राविधिक शाखा | योजना शाखा, शिक्षा शाखा | बढीमा ७ दिन | मर्यादित कामको गुणस्तर देखिनेछ। | |
| रणनीति १.२ दिगो र उत्पादनशिल रोजगारीको अवसरको विस्तार गर्न स्थानीय श्रोत साधनलाई प्रयोग गर्ने | | | | | | |
| कार्यनीति १.२.१ उत्पादन हुने खाद्यन्न बाली, मसाला बाली र तरकारी पकेट क्षेत्रको जमिनको परीक्षण गरी उत्पादनशील रोजगारीको ढाँचा तयार गर्ने। | | | | | | |
| १.२.१.१ | सम्भावित उत्पादन हुने खेति र जमिनको छनौट गर्ने। | रोजगार सेवा केन्द्र | कृषि शाखा | १५ दिन | जमिनको छनौट भएको हुनेछ। | |
| १.२.१.२ | उत्पादनशील रोजगारीको ढाँचा का लागि जमीन मालिक र श्रमिकविच सहयोगात्मक भावना विकास गर्न छलफल अन्तरक्रिया गर्ने। | रोजगार सेवा केन्द्र | कृषि शाखा ,श्रमिक समुह, जमिन मालिक | ७ दिन | जमिनकर्ता र श्रमिक विच सम्झदारी कार्य भएको हुनेछ। | |
| १.२.१.३ | खाली भएका जमीनमा तत्काल उत्पादन गर्न नसकिने स्थानको पहिचान गरी फलफुल, जडिबुट्टि खेतीको पहल गर्ने | रोजगार सेवा केन्द्र | कृषि शाखा ,श्रमिक समुह, जमिन मालिक | १० दिन | उत्पादन हुने फलफुल खेतीको गुणस्तर पहिचान गरिनेछ। | |
| १.२.१.४ | १०० दिन भित्र उत्पादन भएका बस्तुको बजारीकरणका लागि रुपरेखा तयार गर्ने। | रोजगार सेवा केन्द्र | कृषि शाखा ,श्रमिक समुह , बजार व्यवस्थापक | १५ दिन | उत्पादन भएका बस्तु बजारमा गएको हुनेछ। | |
| १.२.१.५ | सूचिकृत बेरोगारलाई पशुपालन, माछापालन सेवामा आवद्ध गराउने। | रोजगार सेवा केन्द्र /पशुशाखा | कृषि शाखा ,श्रमिक समुह , | ३० दिन | दुध र मासुको व्यापार भएको सुनिश्चित हुनेछ। | |

प्रमुख प्रशासकीय अधिकृत

खलिउद्दीन मुसलमान
गाउँपालिका अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | बातावरण तयार गर्ने आवश्यक पहल गर्ने | | बजार व्यवस्थापक | | | |
| स्तम्भ नं. २<br>बेरोजगारलाई सीप, रोजगारदातालाई सीपयुक्त जनशक्ति | | | | | | |
| रणनीति २.१ जीवन उपयोगी सीप मार्फत बेरोजगार युवालाई रोजगार वा स्वरोजगारमा संलग्न हुन उत्प्रेरित गर्ने । | | | | | | |
| कार्यनीति २.१.१ लघु उद्यमशील सीपलाई व्यवहारिक जीवनमा लागु गर्न सक्ने गरी बेरोजगार नागरिकलाई प्रोत्साहन गरिनेछ । | | | | | | |
| २.१.१.१ | स्थानीय श्रोत साधनको प्रयोग गरी उद्यमशीलका कार्यक्रम संचालन गर्ने | रोजगार सेवा केन्द्र | सरोकार वाला सबै | १५ दिन | उद्यमशिल तालिम प्राप्त जनशक्ति तयार गरिनेछ । | |
| २.१.१.२ | उद्यमशिलताका उत्पादित वस्तुको बजारीकरण गर्ने | रोजगार सेवा केन्द्र | सरोकार वाला सबै | ६ महिना | आय श्रोत बढाईनेछ । | |
| रणनीति २.२ युवाहरुलाई सीप सिकाउन तालिम प्रदायक निकायसँग समन्वय गर्ने र कार्यान्वयन गर्ने | | | | | | |
| कार्यनीति २.२.१ रोजगारमा संलग्न व्यक्तिको क्षमता र आवश्यकता अनुसार कार्यस्थलमा आधारित तालिम दिइ दक्ष बनाउने । | | | | | | |
| २.२.२ | रोजगारका आयोजनामा संलग्न श्रमिकको अनुभव र सीपको अभिलेख राख्ने | रोजगार सेवा केन्द्र | तालिम प्रदायक निकाय | ३० दिन | सीप र अनुभव अभिलेख बाट दक्ष जनशक्ति तयार गरिनेछ । | |
| रणनीति २.३ रोजगारदातालाई सम्मान तथा रोजगारीको आँकलन गर्ने । | | | | | | |
| कार्यनीति २.३.१ गाउँपालिका भित्रका निजि क्षेत्रका उद्योग व्यवसायी, ठेकेदार, होटल व्यवसायी, सहकारी निर्माण व्यवसायी तथा अन्य रोजगारदाताको विवरणको अभिलेख राखिने । | | | | | | |
| २.२.१ | बेरोजगार युवाहरुलाई न्यूनतम पारीश्रमिक दिइ रोजगार दिएका रोजगारदाता र श्रमिकको अभिलेख राख्ने र रोजगारदातामा सिर्जना हुन सक्ने रोजगार सम्बन्धी सूचनाको आँकलन गर्ने । | रोजगार सेवा केन्द्र | सरोकार वाला सबै | १५ दिन | रोजगारदाताको विवरण प्राप्त हुनेछ । | |
| २.२.२ | रोजगार सेवा केन्द्रबाट श्रमिक माग गरी | रोजगार सेवा केन्द्र | सरोकार वाला सबै | १ दिन | सम्मान गर्ने कार्यक्रम भएको | |

प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष

मायादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकडी, कपिलवस्तु,
लुम्बिनी प्रदेश, नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | कम्तिमा १०० दिनको रोजगारी दिएमा त्यस्ता रोजगारदातालाई वर्षको एक पटक पुरस्कार सहित सम्मान गर्ने। श्रमिक र सीपको अभिलेख तयार गर्ने | | | | हुने र श्रमिक र सीपको विवरण प्राप्त हुनेछ। | |

स्तम्भ नं. ३

बैदेशिक रोजगारलाई उपलब्धि मूलक र फर्केका व्यक्तिको अनुभवलाई उपयोग

रणनीति ३.१ बैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउन सम्बन्धित निकायसँग समन्वय गर्ने।

कार्यनीति ३.१.१ बैदेशिक रोजगारमा जान चाहने इच्छुक व्यक्तिलाई आवश्यक पर्ने सीपको आँकलन गरि छोटो अवधिका सिप सिकाउनका लागि पहल गरिनेछ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३.१.१.१ | सीपको आधार तयार गरि बैदेशिक रोजगारमा जाने व्यक्तिलाई बिदेशमा आउन सक्ने समस्यालाई समाधान गर्न सक्ने बनाउने | रोजगार सेवा केन्द्र | शिक्षा शाखा, तालिम प्रदायक निकाय | १५ दिन | बैदेशिक रोजगारीमा प्रतिस्पर्धी भएर सफल भएको अनुभूति हुनेछ। | |
| ३.१.१.२ | बैदेशिक रोजगारीमा जाने व्यक्तिलाई परार्मश र अभिमुखिकरण गर्ने | रोजगार सेवा केन्द्र | शिक्षा शाखा, तालिम प्रदायक निकाय | ७ दिन | देश र पेशाका बारेमा जानकारी हुनेछ। | |

रणनिति ३.२ बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुले प्राप्त गरेको अनुभव सीप ज्ञान प्रविधिको सदुपयोग गर्ने

कार्यनीति ३.२.१ बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुले प्राप्त गरेको अनुभव सीप ज्ञान प्रविधिलाई अभिलेखिकरण गरी उत्पादनशील रोजगार तथा सीपका नया क्षेत्रको खोजी गर्ने सदुपयोग गर्ने

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३.२.१.१ | बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरको विवरण तयार अद्यावधिक गर्ने। | रोजगार सेवा केन्द्र | शिक्षा शाखा | १५ दिन | बैदेशिक रोजगारीबाट फर्केका विवरण प्राप्त हुनेछ। | |

स्तम्भ नं. - ४

रोजगारमूलक सेवालाई उपलब्धिमूलक र रोजगारमैत्री

रणनीति ४.१ रोजगारमूलक सेवाको अभिलेख र प्रभावकारी कार्यान्वयन गर्ने

प्रमुख प्रशासकीय अधिकृत, गाउँपालिका अध्यक्ष

| कार्यनीति ४.१.२ सीप विकास, सहुलियतापुर्ण कर्जा, वित्तिय साक्षरता, उद्यमशिलता, परामर्श सेवा तथा सुविधाको पहिचान र एकिकृत अभिलेखलाई रोजगारमैत्री बनाइनेछ । | | | | | | |
|---|---|---|---|---|---|---|
| ४.१.२.३ | रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगार व्यक्तिलाई रोजगार तथा स्वरोजगार हुन आवश्यक पर्ने सेवा उपलब्ध गराउने | रोजगार सेवा केन्द्र | निजी क्षेत्र | २ महिना | एकिकृत सेवा पाएका हुनेछन । | |
| ४.१.२.४ | संघ प्रदेशका श्रम तथा रोजगार सम्बन्धी नीतिगत र कानूनी व्यवस्थाहरु प्रभावकारी कार्यान्वयन गर्ने र रोजगारमैत्री बनाउने । | रोजगार सेवा केन्द्र | सरोकारवाला निकाय सबै | ६ महिना | श्रोत साधनलाई रोजगारमा केन्द्रित भएको हुनेछ । | |

अनुसूचि ४

नतिजा खाका

| क्र.स. | नतिजा सूचक | इकाई | आधार तथ्याङ्क | लक्ष्य ( आ.ब ) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| १ | न्युनतम रोजगारीमा संलग्न व्यक्ति | जना | ६४ | ७४ | ८४ | ९४ | १०४ | ११४ |
| २ | पुर्वाधार विकास तर्फ संलग्न | जना | ६४ | ७४ | ८४ | ९४ | १०४ | ११४ |
| ३ | उत्पादनशील रोजगारी तर्फ संलग्न | जना | ० | ५० | ७० | ९० | ११० | १३० |
| ४ | रोजगार आयोजनामा सीप | जना | ० | ४० | ५० | ६० | ७० | ८० |

प्रमुख प्रशासकीय अधिकृत

बलिउद्दीन मुसलमान
गाउँपालिका अध्यक्ष

मायादेवी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पकडी, कपिलवस्तु लुम्बिनी प्रदेश, नेपाल

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | पाएको जनशक्ति संलग्न | | | | | | | |
| ५ | उत्पादनशील र दिगो रोजगारी स्थान छनौट कृषि तर्फ | ठाँउ | ० | २ | ४ | ६ | ७ | ८ |
| ६ | न्युनतम रोजगारमा आवद्ध हुने श्रमिकलाई परार्मश सीप विकासका पुर्वाधार तर्फ | जना | ० | ४० | ५० | ६० | ७० | ८० |
| ७ | उत्पादन तरकारी तर्फ न्यूनतम रोजगारीमा संलग्न लाई सीप | जना | ० | २० | ३० | ४० | ५० | ६० |
| १० | पशुपालन तर्फ रोजगारी | जना | ५५ | ६५ | ७५ | ८० | ९० | १०० |
| ११ | उत्पादनशिल रोजगार श्रमिक समुह गठन कृषि तर्फ | वटा | ० | २ | ३ | ५ | ६ | ८ |
| १२ | उत्पादनशिल रोजगार श्रमिक समुह गठन पशुपालन तर्फ | वटा | ० | २ | ४ | ५ | ६ | ७ |
| १३ | रोजगारदाता विवरण | संख्या | १२२ | १३० | १३५ | १४० | १४५ | १५० |
| १४ | उद्यमशिलता विकास तर्फ सीप विकास | संख्या | ५० | ६० | ७० | ८० | ९० | १०० |
| १५ | कार्यस्थलमा आधारित तालिम पाउने संख्या | जना | ० | ४० | ५० | ६० | ७० | ८० |

प्रमुख प्रशासकीय अधिकृत

बलिउद्दीन मुसलमान
गाउँपालिका अध्यक्ष

मायादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकडी, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १६ | रोजगारदाताको सम्मान | जना | ० | २ | ४ | ६ | ८ | १० |
| १७ | बैदेशिक रोजगारमा आवश्यक पर्ने सीपको पहिचान र छोटो अवधिको सीप सीकाउन | जना | ० | ५० | १०० | १५० | २०० | २५० |
| १८ | बैदेशिक परार्मश र अभिमुखिकरण | पटक | ११ | १२ | १२ | १२ | १२ | १२ |
| १९ | बैदेशिक रोजगारीमा गएको विवरण | जना | ३३९१ | ३०९१ | २७९१ | २४९१ | २१९१ | १८९१ |
| २० | बैदेशिक रोजगारीबाट फर्केकाको संकलन विवरण | जना | २२२६ | २५२६ | २८०० | ३१०० | ३४०० | ३६०० |
| २१ | सहुलियतपुर्ण कर्जा लिने संख्या | जना | ० | १० | १२ | १६ | २० | २५ |
| २२ | वित्तिय साक्षरता | जना | ४०० | ५०० | ६०० | ७०० | ८०० | ९०० |
| २३ | उद्यमशिलता | जना | ० | १० | १५ | २० | २५ | ३० |
| २४ | स्वरोजगार तर्फ | जना | ५० | ७० | ९० | ११० | १३० | १५० |

खण्ड – ९

## श्रोत परिचालन र बजेट व्यवस्थापन( **Resource Mobilizations and Budget management)**

मायादेवी गाउँपालिकाको वार्षिक नीति कार्यक्रम र बजेट तर्जुमा गर्दा रणनीति योजनामा आधारित भई तर्जुमा गरिनेछ ।रणनीतिक योजनाको कार्यान्वयन गर्न आवश्यक पर्ने श्रोतसाधन वार्षिक बजेट तथा कार्यक्रम मार्फत नियमितरुपमा प्रस्ताव गरिनेछ। आवश्यकता अनुसार विकास साझेदारसँग समेत आर्थिक श्रोत व्यवस्थापनको लागि सहकार्य गरिनेछ । रणनीतिक योजनाको स्तम्भ अनुसार अनुमानित श्रोत देहाय बमोजिम प्रक्षेपण गरिएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

| स्तम्भः | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|
| | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| **स्तम्भ- १:** आन्तरिक रोजगारी सिर्जना हुने क्षेत्रको विस्तार गर्ने। | १० लाख | २० लाख | ३० लाख | ४० लाख | ५० लाख |
| **स्तम्भ- २:** बेरोजगारलाई सीप, रोजगारदातालाई सीपयुक्त जनशक्ति | ५ लाख | १० लाख | १५ लाख | २० लाख | २५ लाख |
| **स्तम्भ- नं. ३** वैदेशिक रोजगारलाई उपलब्धीमूलक र फर्केका व्यक्तिको अनुभवलाई उपयोग | १० लाख | १० लाख | २० लाख | २५ लाख | ३० लाख |
| **स्तम्भ- नं. ४** रोजगारमूलक सेवालाई उपलब्धिमूलक र रोजगारमैत्री | ५ लाख | १० लाख | १५ लाख | २० लाख | २५ लाख |

## खण्ड – १०

### रणनीतिक योजनाको निर्देशक समिति, अनुगमन र मूल्याङ्क सम्बन्धी व्यवस्था ( Steering Committee Monitoring ang Evaluation )

**१०.१ रणनीति कार्यान्वयन निर्देशक समितिः**

यस मायादेवी गाउँपालिकाको ५ वर्षे रोजगार रणनीति योजनालाई आवश्यक समन्वय, निर्देशन, अनुगमन, मूल्याङ्कन गर्न तथा प्रभावकारी रणनीति कार्यान्वयन गर्न स्थानीय तहमा देहाय बमोजिमको रणनीति कार्यान्वयन निर्देशक समिति रहनेछ।

प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष

(क) गाउँ कार्यपालिकाको प्रमुख - अध्यक्ष

(ख) गाउँ कार्यपालिकाको उपाध्यक्ष – सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) गाउँ कार्यपालिकाको प्रमुखले तोकेका वडा अध्यक्ष दुई जना - सदस्य

(ङ) रोजगार संयोजक - सदस्य सचिव

मायादेवी गाउँपालिका भित्र रहेका रोजगारदाताहरुमध्ये आमन्त्रण गर्न सकिनेछ ।

**१०.२ रणनीति कार्यान्वयन निर्देशक समितिको काम कर्तव्य र अधिकारः**

(क) रणनीतिक उदेश्य हासिल गर्न तय गरेको कार्ययोजना अनुरुप आवश्यक बजेट बिनियोजनका लागि गाउँ सभालाई सिफारिस गर्ने ।

(ख) स्थानीय तहभित्र रहेका रोजगारीका अवसर तथा सम्भावनाहरुको पहिचान गर्ने र कार्यान्वयन गर्ने ।

(ग) बेरोजगारको समस्यालाई दिगो वा दिर्घकालीन रुपमा समाधान गर्न रोजगारी रणनिति योजनालाई प्रभावकारी कार्यान्वन गर्न पहल गर्ने ।

(घ) रणनीति कार्यान्वयनबाट अपेक्षित उपलव्धि तथा प्रतिफल प्राप्त भए नभएको पटक पटक समिक्षा गर्ने तथा प्रभावकारी बनाउन स्थानीय तहको बजेट निर्माण गर्नु पुर्व वार्षिक समिक्षा तथा मूल्याङ्कन गरी आवश्यक सुझाव दिने ।

(ङ) श्रम बजारको माग बमोजिमको रोजगारमूलक तथा सीपमूलक तालिम सञ्चालन गर्न आवश्यक समन्वय र सहकार्य गर्ने ।

(च) सरकारी तथा गैरसरकारी निकायसँग रोजगारी सृजना सम्बन्धी आवश्यक सहकार्य समन्वय गर्ने ।

(छ) रणनीति कार्यान्वयन गर्न आवश्यक श्रोत साधनको व्यवस्थापन गर्ने ।

(ज) निजी क्षेत्रसँगको सहकार्यमा सूचिकृत बेरोजगार श्रमिक माग गर्ने रोजगारदातालाई सम्मान गर्ने ।

## खण्ड- ११

## जोखिम व्यवस्थापन( Risk Management)

रोजगार रणनीति कार्यान्वयनको क्रममा आउन सक्ने जोखिम पहिचान गरि देहाय बमोजिम उल्लेख गरिएकोछ ।

क) श्रोत व्यवस्थापन

ख) सरकारी गैरसरकारी र निजीक्षेत्र बिच प्रभावकारी समन्वय

ग) रोजगारी सम्बन्धी स्थानीय सरकारको अपनत्व

घ) शाखागत समन्वय

प्रमुख प्रशासकीय अधिकृत

बलिउद्दीन मुसलमान
गाउँपालिका अध्यक्ष

मायादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकडी, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

ङ) सरोकारवालाहरु निकायको दृष्टिकोण

च) प्रदेश र स्थानीय तहमा समन्वय

अनुसूची १

प्रमुख प्रशासकीय अधिकृत

वलिउद्दीन मुसलमान
गाउँपालिका अध्यक्ष

**प्रस्ताव**

मायादेवी गाउँपालिकाको ५ वर्षे रोजगार **रणनीति कार्यान्यवन निर्देशक समिति** गठन गर्ने सम्बन्धमा ।

**निर्णय**

**प्रस्ताव न.१** माथि छलफल गर्दा, यस मायादेवी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा स्थापित रोजगार सेवा केन्द्र मार्फत संचालित प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगारीको हक सम्बन्धी नियमावली. २०७५ र स्थानिय तहको रोजगार रणनीति सम्बन्धी मार्गदर्शन.२०८० बमोजिम बेरोजगार नागरिकको रोजगारीको हक संरक्षण सम्बन्धी देहायका ६ सदस्सीय रणनीति कार्यान्यवन निर्देशक समिति गठन गर्ने निर्णय गरियो ।

रणनीति कार्यान्यवन निर्देशक समितिः

| क्रम स. | नाम/थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री वलीउद्दीन मुसलमान | अध्यक्ष | |
| २. | श्री सरस्वती यादव | सदस्य | सरस्वती |
| ३. | श्री युवराज परियार | सदस्य | |
| ४. | श्री जर्नादन प्रसाद चौधरी | सदस्य | |
| ५. | श्री मुहम्मद इसहाक मुसलमान | सदस्य | |
| ६. | श्री सुरेन्द्र कुर्मी | सदस्य-सचिव | |